# सूर्योदय नगरपालिकाको
# संघ संस्था दर्ता सम्बन्धि मापदण्ड तथा कार्यविधि

प्रस्तावना

यस सुर्योदय नगरपालिकाको संघ संस्था दर्ता सम्बन्धि ऐन २०७४ लाई अझ बढी प्रष्ट पारी प्रभावकारी कार्यान्वयन ,संस्थाहरुको उचित ब्यबस्थापन र प्रयोगलाई सहज बनाउने उदेश्यका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को अधिकार प्रयोग गरी यो मापदण्ड तथा कार्यविधि बनाई लागू गरिएको छ ।

परिचय

व्यवसायिक रुपमा आयआर्जन नहुने गैरसरकारी सँस्था, नाफा नलिने, कुनै राजनीतिक पार्टीसँग सम्बन्ध नराखी निर्वाध रुपमा सामाजिक कार्यमा संलग्न गरि समाज सुधारको कार्य गर्ने नै सँस्था हो ।संस्था दर्ताको लागि सर्व प्रथम सम्बन्धित ठाउँको वडामा गएर सिफारिस लिनु पर्छ अनि मात्र नगरपालिकाको कार्यालय जानु पर्छ । सूर्योदय नगरपालिकाको संस्था दर्ता ऐन २०७४ अन्तर्गत रहेर दर्ता हुने गर्दछ ।

**सम्पर्क**

सूर्योदय नगरपालिकाको कार्यालयको संस्था दर्ता फाँट

**आवश्यक कागजात**

१) सस्था दर्ता गरी पाउँ भन्ने बारेमा एक निवेदन।जुन निवेदन अनुसूची १ मा भए अनुसार हुन पर्ने छ ।

२) वडा कार्यालयको सिफारिस पत्र।जुन नगरपालिकाको नाममा लेखेको हुन्छ।

३) विधान ३ प्रति प्रिन्ट गरेको हुनु पर्नेछ्र्‌ उक्त विधानको पहिलो पानाको पुच्छरमा र अन्यप्रत्येक पानाको शिरपुच्छरमा तदर्थ समितिका सम्पुर्ण सदस्यहरुले हस्ताक्षर गरेकोहुनु पर्ने छ।

४) संस्थाको हरेक सदस्यहरुको फोटो सहितको ब्यक्तिगत विवरण विधानसाथै सम्मलग्न हुनु परर्ने छ ।

५) कार्य समितिको पदाधिकारिमा कम्तिमा ७ जना र बढीमा १५ जना सम्म हुनु पर्ने।

६) संस्थाको विधानमा उल्लेखित पदाधिकारीहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि एक/एक प्रति साथै सक्कल पनि सम्लग्न हुनु पर्ने छ ।

७) संस्थासँग सम्बन्धित ब्यक्तिहरु जमघट गरी संस्था खोल्नको लागि कारण सहितको प्रतिवेदन तयार पारी, सो प्रतिवेदनमा सम्बन्धित व्यक्तिहरुको सनाखत गराउने र माइनुट तयार गर्नुपर्ने हुन्छ।

८) संस्थाले चलान गर्ने छाप बनाई सम्पूर्ण कागजात संगै पेश गर्नु पर्दछ |

९) वडा कार्यालयको सिफारिस पछि पदाधिकारीहरुको चालचलन सम्बन्धि प्रतिवेदनको लागि नगरपालिकाबाट फारम लिई नजिकको प्रहरी कार्यालय बाट चालचलन रिपोट बनाउनु पर्दछ |

१०) उदेश्यसँग सम्बन्धित निकायको कार्यालयको राय/प्रतिक्रिया/सिफारिस लिन सकिने छ ।

**प्रक्रिया**

१) वडा कार्यालयबाट सिफारिस प्राप्त गर्न एक कपि विधान र निवेदन दिनु पर्दछ |

२) हरेक संस्थापक र संस्थापकको साक्षी समेत भइ सम्बन्धित प्रहरी कार्यालय बाट चालचलन सम्बन्धि प्रतिबेदन प्राप्त हुनु पर्दछ ।

३) संस्था स्थापना गर्ने निर्णय समेतको संस्थापकको माइनुट पेश गर्नु पर्दछ |

४) सम्पूर्ण बिधान र कागजातको जाच गरेपछि संस्था दर्ता स्वीकृति टिप्पणी तयार पारि पेश गरिने छ |

५) यति गरेपछि नगरपालिकाको कार्यालयको राजश्व खातामा लाग्ने शुल्क भरेर बिल देखाई दर्ता प्रमाण पत्रको माग गर्नु पर्दछ |

**लाग्ने समय र दस्तुर**

समयः कागजपत्र पुगेमा सोहि दिन

दस्तुरः रु १५०० /-

**जिम्मेवार अधिकारी**

सम्पूर्ण कागजात पछि संघ संस्था फाँटमा पेश गर्ने |फाँटवालाले प्रमुख प्रशासकीय अधिकृतकोमा पेश गरी सम्पूर्ण प्रकृया उपयुक्त भएमा निर्णयका लागि नगरप्रमुख समक्ष पेश गर्ने ।

**नविकरण प्रकृयाः-**

१- नविकरण गर्ने ब्यहोरा खुलेको निबेदन

२- समितिको बैठकको निर्णय

३- सक्कल दर्ता प्रमाण पत्र

४- अघिल्लो आ.ब.को लेखा परिक्षण प्रतिबेदन

५- अघिल्लो आ.ब.को प्रगति प्रतिबेदन

६- नविकरण दस्तुर रु १०००/- लाग्ने छ ।

७- नविकरण गर्दा हरेक आर्थिक बर्षको अशोज मसान्त भित्र गरिसक्नु पर्ने छ ।

८- नविकरणको लागि म्याद नाघी आएका संस्थाहरुलाई कार्तिक देखी फाल्गुण मसान्त सम्म नविकरण गर्न आएमा नविकरण दस्तुरको २५% जरिमाना र सो भन्दा पछी असार मसान्त सम्म ५०% थप गरी नविकरण गर्न सकिने छ । सो भन्दा पछाडी प्रतेक आ.ब.को लागी नविकरण दस्तुतरको सतप्रतिसत जरीवाना गरी बढीमा ३ आ.ब. सम्मको नविकरण गर्न सकिने छ ।

**नोट**

१) संस्था दर्ता गर्न जाँदा संस्थाको अध्यक्ष वा कोहि अखितयारी व्यक्ति जानु पर्छ | ३) संस्था दर्ता हुने निर्णय भई राजश्व बुझाएपछी विधानमा प्रमुख प्रशासकीय अधिकृतले हस्ताक्षर गरी कार्यालयको छाप लगाए पछीमात्र विधान मात्र विधान लागू हुने छ ।

संघ संस्थाको नमुना विधान

## श्री ............................ को विधान

## २०७४

**प्रस्तावना**

..............................................

### परिच्छेद - १
### (नाम र प्रारम्भ)

(१ **संक्षिप्त नाम र प्रारम्भ** :-

१. यो संस्थाको नाम श्री ........... रहनेछ ।

२. यो विधान स्थानिय अधिकारीबाट दर्ता भई स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

(२ **परिभाषा** :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस विधानमा

१. "विधान" भन्नाले श्री ............ को विधानलाई जनाउने छ ।

२. "संस्था" भन्नाले श्री ................... लाई सम्झनु पर्दछ ।

३. "सदस्य" भन्नाले यस संस्थाको विधान वमोजिम सदस्यता प्राप्त गरेका व्यक्तिलाई सम्झनु पर्दछ ।

४. "कार्य समिति" भन्नाले यस विधान वमोजिम निर्वाचित कार्यकारणी समितिलाई सम्झनु पर्नेछ ।

५. "पदाधिकारी" भन्नाले विधान वमोजिम निर्वाचित संस्थाको अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष र कार्यसमितिका सदस्यहरु र अन्य कुनै पद ग्रहण गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

६. "साधारणसभा" भन्नाले यस संस्थाको सवै प्रकारको सदस्यता लिईएका सम्पूर्ण सदस्यहरुको भेलालाई सम्झनु पर्दछ ।

७. "कोष" भन्नाले यस श्री ........................ आर्थिक कोषलाई जनाउनेछ ।

८. "संस्थापक सदस्य" भन्नाले संस्था स्थापनाकाल वनेको विधानमा रहेका तदर्थ समितिका पदाधिकारीलाई सम्झनु पर्छ ।

९. तोकिए वमोजिम भन्नाले सूर्योदय नगरपालिकाको संस्था दर्ता ऐन, २०७४ र यस विधानको परिधिभित्र रही साधारणसभाको निर्णयले तोकेको प्रकियालाई जनाउनेछ ।

१०. "स्थानिय अधिकारी" भन्नाले नगर प्रमुखलाई सम्झनु पर्छ ।

(३ **<u>संस्थाको वैधानिकता तथा स्थापना</u> :-**

१. यो संस्था अविछिन्न उत्तराधिकारीवाला स्वशासित, संगठित,सामाजिक,गैर राजनीतिक र गैरसरकारी संस्था हुनेछ

२. यस संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति आर्जन गर्न सक्ने, दान दातव्य दिन वा लिन सक्ने र धितोजमानत राख्न वेचविखन वा अन्य कुनै तरिकाले हक भोग वा हक हस्तान्तरण गर्न सक्नेछ ।

३. यस संस्थाले व्यक्तिसरह कसै उपर नालिस उजुर गर्न र मुद्दा मामिला सम्वन्धी सम्पूर्ण कार्य गर्न सक्नेछ । यस संस्था उपर पनि व्यक्ति सरह नालिस उजुर लाग्नेछ ।

(४ **<u>प्रचलित कानून बमेजिम हुने</u> :-**

१. यो विधानमा भएको सूर्योदय नगरपालिकाको संस्था दर्ता ऐन २०७४ र प्रचलित नेपाल कानूनको अधिनस्थ रहने छ । यस संस्थाले नेपाल सरकारको निति निर्देशनको परिधी भित्र रहि कार्य सम्पादन गर्नेछ ।

२. यो संस्था मुनाफारहित जनहितकारी संस्था हुनेछ ।

३. यस संस्थाको उद्देश्य अनुसार कार्य गर्दा आफ्नो अधिकारको प्रयोग गर्दा अन्यको हकमा असर पारिने छैन ।

४. यस संस्थाले कुनै प्रकारको सिण्डिकेट र कार्टेलिङ्ग गर्ने छैन ।

(५ **<u>कार्य क्षेत्र</u>** :-

यस संस्थाको कार्यक्षेत्र सूर्योदय नगरपालिकाभर हुनेछ । आवश्यकता अनुसार अन्य स्थानमा कार्यालय वा कार्यक्षेत्र वढाउनु परेमा सम्वन्धित जिल्लाको स्थानीय अधिकारीको स्वीकृति लिई गरिनेछ ।

(६ **<u>यस संस्थाको कार्यालय रहने स्थान</u>** :- यस संस्थाको कार्यालय सूर्योदय नगरपालिकाको वडा नं. ..... मा रहनेछ ।

(७ **<u>संस्थाको छाप र चिन्ह</u>** :- यस संस्थाको छाप अनुसूची २ बमोजिम हुनेछ ।

## परिच्छेद - २
## उद्देश्य

(८ **<u>प्रचलित कानूनको अधिनमा रहि यस संस्थाको देहाय वमोजिम उद्देश्य हुनेछन</u> :-**

**१. यस संस्थाको उद्दृश्य देहाय वमोजिम हुनेछ ।**

१- ........

२- ...........

३- .........

**२. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :**

१. संस्थाले प्रचलित नेपाल कानून वमोजिम सम्वन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र आफना उद्देश्यहरु कार्यान्वयन गर्नेछ ।

२. संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने, भाडा वा लिजमा लिने, कम्प्युटर, टेलिफोन, फयाक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्न वा भाडामा लिई प्रयोग गर्नेछ ।

३. संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने र सेवा शर्तहरु निर्धारण गर्नेछ ।

## परिच्छेद - ३
## (सदस्यता)

(९ <u>**संस्थाको सदस्य हुन योग्यता**</u> :-

१. धर्म, वर्ण लिङ्ग जातजाती र सम्प्रदायको भेदभागबाट मुक्त रहेको ।

२. सामाजिक सेवा भावना भएको व्यक्ति,

३. १६ वर्ष उमेर पुरा भएको नेपाली नागरिक ।

४. कानूनले अयोग्य नठहरेको ।

५. मगज नविग्रिएको व्यक्ति ।

(१० <u>**सदस्यता सम्वन्धी व्यवस्था र सदस्यताको वर्गीकरण**</u> :-

**१. साधारण सदस्यः**

यस विधानको दफा ९ वमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले संस्थाको विधान स्वीकार गरी आवेदन गरेमा संस्थाको नियमानुसार सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुनेछन् ।

**२. आजिवन सदस्यः**

संस्थाको विकाशको लागि विशेष सहयोग पुऱ्याउने व्यक्तिहरुलाई संस्थाको नियमानुसार आजीवन सदस्यता प्रदान गरिनेछ ।

**३. संस्थापक सदस्यः**

यस संस्था दर्ता हुँदाको वखतका तदर्थ समितिका पदाधिकारीहरु यस संस्थाको संस्थापक सदस्य रहनेछन् ।

**४. सम्मानार्थ सदस्यः**

उपयुक्त ठहर गरेको विशिष्ठ समाजसेवी तथा प्रतिष्ठित स्वदेशी वा विदेशी नागरिकलाई संस्थाको सम्मानार्थ सदस्य प्रदान गर्न सक्नेछ तर मानार्थ सदस्हरुको मताधिकार रहने छैन ।

(११ <u>**सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि**</u> :-

**१. साधारण सदस्यः**

क) साधारण सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क **.....**। वुझाई तोकिएको प्रकृया अनुसार आवेदन पेश गर्नेलाई कार्यसमितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सक्नेछ ।

ख) त्यस्ता साधारण सदस्यले वार्षिक नविकरण शुल्क **......**।वुझाउनु पर्नेछ ।

ग) साधारण सदस्य प्राप्त गर्ने सदस्यले प्रत्येक वर्ष चैत्र महिनाको मसान्त भित्र नविकरण गराई सक्नु पर्नेछ र त्यसपछि हकमा तोकिए वमोजिम थप दस्तुर वुझाई नविकरण गर्न सक्नेछ ।

**२. आजिवन सदस्य :**

संस्थामा एकमुष्ठ रु **.......** वुझाई तोकिएको प्रकृया अन्तर्गत आवेदन दिने व्यक्तिहरुलाई कार्यसमितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सकनेछ ।

**३. संस्थापक सदस्य :**

क) संस्था दर्ता हुँदाको वखतका तदर्थ समितिका पदाधिकारीहरु यस संस्थाको संस्थापक सदस्य रहनेछन् ।

ख) संस्थापक सदस्यहरुले शुरुमा संस्था दर्ता गर्दाको वखत संस्था दर्ता भएको मितिले १ महिना भित्र एकमुष्ठ रकम रु........ वुझाउनु पर्नेछ ।

**४. सम्मानार्थ सदस्यः-**

क) साधारणसभाको निर्णयले उपयुक्त ठहर गरेको विशिष्ठ समाजसेवी र प्रतिष्ठीत स्वदेशी वा विदेशी नागरिकहरुलाई मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ ।

ख) मानार्थ सदस्यहरु उम्मेदवार तथा मताधिकार हुने छैन ।

**५. कुनै आवेदकलाई सदस्य नदिने निर्णय गरेमा सो को कारण सहितको जानकारी आवेदकलाई दिइनेछ ।**

**६. सबै सदस्यहरुले यस विधान र विधान अन्तर्गत वनेका नियम विनियम वमोजिम भएको व्यवस्थाको**

**७. पालना गर्नु पर्नेछ ।**

**८. संस्थाले प्रदान गरेको सवै प्रकारका सदस्यहरुको तोकिएको ढांचामा छुटै अभिलेख पुस्तिका रहनेछ ।**

**(१२ <u>संस्थाको सदस्य नियुक्ति हुन वा वहाल रहने नसक्ने अवस्था</u> :-**

१. गैह्र नेपाली नागरिक र १६ वर्ष उमेर पुरा नगरेको,

२. दामासाहीमा परेको ।

३. कुनै चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफनो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्ट्राचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई सजाय पाएको एक वर्ष भित्र,

४. सदस्यको मृत्यु भएमा ।

५. संस्था नविकरण नगराएमा ।

६. सदस्यबाट लिखित राजिनामा दिई स्विकृत भएमा ।

७. विधानमा उल्लेखित सदस्यता सम्वन्धी योग्यता नभएको भनी कुनै सदस्यवाट आरोप लागि प्रमाणित भएमा

८. संस्थाको उद्देश्य नीति कार्यक्रम र हित विपरीत कार्य गरेमा सदस्यता खारेज गर्न भनी साधारण सभाले निर्णय गरेमा ।

**(१३ <u>सदस्यता समाप्ती</u> :-**

१. देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यमा वहाल रहने छैन ।

(क) साधारण सभाको ७५ प्रतिशतको सदस्यहरुको वहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।

(ख) सदस्यले आफनो पदवाट दिएको राजिनामा स्वीकृत भएमा

(ग) संस्थाको काम कारवाहीमा वेइमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रंमाणित भएमा ।

घ) यस विधान वमोजिम संस्थाले गर्न नहुने भनि तोकिएको कुनै कार्य गरेमा ।

(ङ) सदस्य शुल्क वुझाउन वांकी भएमा ।

(च) संस्था विघटन वा खारेज भएमा ।

## परिच्छेद - ४
## (साधारण सभा तथा कार्यसमितिको व्यवस्था)

**(१४ साधारण सभाको गठन** :-

(क) यस संस्थाको विधानको दफा १० अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु वाहेक अन्य सदस्यहरुबाट संस्थाको साधारण सभा गठन हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुनेछन् । साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

(ख) यस संस्थाको साधारण सभा देहाय वमोजिम हुनेछ ।

**१. वार्षिक साधारण सभा**

**२. विशेष साधारण सभा**

**१. वार्षिक साधारण सभाः**

१. यस संस्थाको साधारण सभा कम्तीमा वर्ष मा एक पटक वस्नेछ ।

२. साधारण सभाको अध्यक्षता तत्काल कायम रहेको कार्य समितिको अध्यक्षले गर्नेछन् अध्यक्ष अनुपस्थित रहेमा उपाध्यक्ष र उपाध्यक्ष पनि अनुपस्थित रहेमा तत्काल उपस्थित जेष्ठ सदस्यले सभाको अध्यक्षता गर्नेछन् ।

३. साधारण सभाको निमित्त गणपुरक संख्या यस संस्थाका सम्पूर्ण सदस्य संख्याको ६०% प्रतिशत हुनेछ । प्रथम पटक वोलाइएको सभामा गणपुरक संख्या नपुगे दोश्रो पटक वोलाउनु पर्नेछ, दोश्रो पटकको वोलाइएको सभामा ५१% गणपुरक संख्या हुनुपर्नेछ तर दोश्रो पटकमा पनि गणपुरक संख्या नपुगेमा तेश्रो पटकको वैठकमा जति उपस्थितिलाई गणपुरक मानी सभा वस्नेछ ।

४. सभाका प्रस्तावहरु सभामा उपस्थित सदस्यको साधारण वहुमतबाट पारित हुनेछन् ।

५. यस संस्थाले प्रथम वार्षिक साधारण सभा संस्था स्थापना भएको आ.ब. समाप्त भएको मितिले दुई महिना भित्रमा गरिनेछ र त्यस पछिको वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिना भित्र गरिनेछ ।

६. साधारण सभा गर्नका लागि सचिवले कम्तिमा १५ दिन अगावै र विशेष सभाको लागि कम्तिमा ७ दिन अगावै सभा हुने मिति, समय, स्थान र छलफल गर्ने विषय एजेण्डा खोली सम्पूर्ण सदस्य तथा पदाधिकारीहरुलाई सूचना दिइनेछ ।

**२. विशेष साधारण सभाः**

१. संस्थाको कुल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरुले कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा कार्यसमितिले कम्तीमा ७ दिन भित्र अनिवार्य रुपमा वोलाउनु पर्नेछ ।

२. साधारण सभा वा विशेष सभा बसेको ६ महिना नविती पुनः अर्को विशेष साधारणसभा वस्न सक्नेछैन ।

**(१५ विशेष साधारण सभाको अधिकार** :-

१. विशेष साधारण सभामा सभालाई प्राप्त हुने अधिकारको अतिरिक्त विद्यान संशोधन र अविश्वासको प्रस्तावमा छलफल र निर्णय गर्ने अधिकार हुनेछ ।

२. आवश्यक परेको अवस्थामा कुनै आकस्मिक निर्णय पारित गर्न सक्नेछ ।

३. विशेष साधारण सभामा सम्पूर्ण सदस्य संख्याको बहुमतबाट निर्णयहरु पारित हुनेछन् ।

**(१६ साधारण सभाको काम कर्तव्य र अधिकार** :-

१. यस संस्थाको कार्य समितिको गठन गर्ने ।

२. कार्यसमितिले सभामा पेश गरेको वार्षिक बजेट पारित गर्ने ।

३. कार्य समितिले पेश गरेको कार्य सूचीको प्रस्ताव माथि छलफल र निर्णय गर्ने ।

४. कार्य समितिको कामको मूल्यांकन र भावी कार्यक्रमको निर्धारण गर्ने ।

५. संस्थाको आचरण अनुसार काम नगर्ने कार्यसमितिका पदाधिकारी तथा यस संस्थाका सदस्यहरुलाई अनुशासनको कारवाही गर्ने ।

६. यस विधानको अधिनमा रही नियम विनियमहरुको निर्माण गर्ने ।

७. यस विधानको अधिनमा रही कसैको कार्य क्षेत्र नतोकिएको अन्य सबै काम गर्ने ।

८. सभामा भाग लिने, संख्यालाई आवश्यक परामर्श दिने र विधानले तोकेका अन्य काम गर्ने संस्थाको साधारण सदस्हरुको काम, कर्तव्य र अधिकार हुनेछ ।

९. साधारण सभा र विशेष साधारण सभाको छुट्टा छुट्टै निर्णय पुस्तिका राख्ने ।

**(१७ <u>कार्यसमितिको गठन</u> :-**

१. यस संस्थाको कार्य संचालन गर्न साधारण सभाद्वारा गठित एक कार्यसमिति गठन गरिनेछ ।

२. कार्य समितिमा अध्यक्ष-१, उपाध्यक्ष-१, सचिव-१, सहसचिव-१, कोषाध्यक्ष-१ र निर्वाचित सदस्यहरु ८ गरी जम्मा १३ जनासदस्यहरु निर्वाचित हुनेछन् । कार्य समितिको वैठक कार्य समितिका अध्यक्षको अध्यक्षता मा कम्तिमा महिनाको १ पटक वस्नेछ ।

३. कार्य समितिको वैठकको निमित्त गणपूरक संख्या कार्यसमितिको सम्पूर्ण सदस्य संख्याको ५१ प्रतिशत हुनेछ र वैठकमा उपस्थित सदस्य संख्याको साधारण वहुमतबाट कार्यसमितिको वैठकका निर्णयहरु पारित हुनेछन्

४. कार्य समितिको पदावधी गठन भएको मितिले ३ वर्ष सम्म हुनेछ ।

**(१८ <u>कार्यसमितिको वैठक</u> :-**

१. कार्य समितिको वैठक समितिका अध्यक्षताको निर्देशन र अध्क्षतामा आवश्यकतानुसार वस्नेछ ।

२. वैठको निमित्त गणपुरक संख्या समितिको सदस्य संख्याको ५१ प्रतिशत हुनेछ ।

**(१९ <u>कार्य समितिको पद रिक्त हुने अवस्था</u> :-**

१. कुनै कारणवस संस्थाको सदस्यता नरहेमा ।

२. कुनै सदस्य उपर प्रस्तावित अविश्वासको प्रस्ताव पारीत भएमा ।

३. लिखित राजिनामा दिई स्विकृत भएमा ।

४. निजको मृत्यु भएमा ।

५. सार्वजनिक सम्पत्ति हिनामिना गरेको भनि अदालतबाट दोषि ठहर भएमा ।

६. सूचना पाएर पनि विना सूचना लगातार ३ पटकसम्म कार्य समितिको वैठकमा अनुपस्थित रहेमा ।

७. पदावधी समाप्त भएमा ।

**(२० <u>राजिनामा</u> :-**

१. यस संस्थाको कार्य समितिको अध्यक्षताले यस संस्थाको साधारण सभा समक्ष र कार्य समितिका अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष लिखित राजिनाम दिनु पर्दछ।

२. कार्यसमितिका अध्यक्ष तथा अन्य पदाधिकारीहरुले दिएको राजिनामा साधारण सभाको बहुमतबाट स्विकृति हुनु पर्दछ ।

**(२१ <u>कार्यसमितिको पदपूर्ती</u> :-**

१. कार्यसमितिको अध्यक्षको पद स्थायि रुपले खाली भएमा खाली भएको ३ महिना भित्र कार्य समितिका सबै पदाधिकारीहरुको स्थान निर्वाचनद्वारा पूर्ति गरिनेछ । निर्वाचन नभएसम्म कायम रहेकै कार्य समितिले कार्य संचालन गर्नेछ ।

२. कार्य समितिका अन्य पदाधिकारीहरुको स्थान रिक्त हुन आएमा साधारण सभाको निर्णयबाट पदाधिकारीको चयन गरिनेछ ।

३. मनोनित सदस्यको स्थान रिक्त हुन आएमा कार्य समितिका अध्यक्षले यस संस्थाका सदस्यहरु मध्येबाट सदस्यता पदमा मनोनित गर्नेछन् ।

(२२ **कार्यसमितिको काम कर्तव्य र अधिकार** :-

१. प्रत्येक आर्थिक वर्षको संस्थाको भावी कार्यक्रम, वार्षिक बजेट, चालु बर्षको आय व्यय विवरण, आउदो आर्थिक वर्षको निमित्त आय व्ययको अनुमानित वजेट तथा प्रगति प्रतिवेदन साधारण सभामा पेश गर्ने।

२. संस्थाको विकास र विस्तारको निमित्त साधारण सभाको वहुमत लिएर योजना तर्जुमा र कार्यान्वयन गर्ने गराउने ।

३. सभाबाट पारित कार्यक्रमहरुको कार्यान्वयन गर्ने ।

४. संस्थाका सदस्यहरुको अभिलेख अध्याधिक राख्ने ।

५. संस्थाको प्रतिनिधित्व गराउन आवश्यक प्रतिनिधि तोक्ने ।

६. संस्थाको अहित हुने कार्यमा संलग्न भएको सदस्यलाई पदबाट निलम्वन गर्ने ।

७. संस्थाको सम्पूर्ण सम्पत्तिको नियन्त्रण संरक्षक र सम्वर्धन गर्ने ।

८. संस्थाको आर्थिक लेखा परीक्षण गराई लेखा परिक्षण प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्ने ।

९. अन्य संघ संस्थाहरुसंग सम्पर्क राखि सहयोग अदान प्रदान गर्ने ।

१०. यस संस्थाको विधानले तोकेको अन्य काम गर्ने ।

## परिच्छेद - ५

(२३ **पदाधिकारीको काम, कर्तव्य र अधिकार** :-

**१. अध्यक्ष**

१. कार्यसमिति एवं साधारण सभा तथा संस्थाको काम कार्यवाही सम्वन्धमा प्रतिनिधित्व गर्ने गराउने

२. कार्यसमितिको वैठकको अध्यक्षता गर्ने ।

३. साधारण सभा र कार्यसमितिद्वारा गरिएको निर्णय कार्यान्वयन गराउने ।

४. बैंक खाता संचालन गर्ने ।

५. कार्यसमितिका सदस्यहरुको राजीनामा स्वीकृत गर्ने ।

६. माग फारम स्वीकृत गर्ने र वील भौचर प्रमाणित गर्ने तथा सम्पूर्ण सम्पतिको रेखदेख र संरक्षण गर्ने ।

७. कार्यसमितिको स्वीकृति लिई कुनै कर्मचारी नियुक्ति गर्ने वा हटाउने ।

८. पदाधिकारी, सदस्यहरु तथा कर्मचारीहरुमा कामको बाँडफाँड गर्ने ।

९. संस्थाको हितको लागि सम्पूर्ण काम गर्ने ।

**२. उपाध्यक्ष**

१. अध्यक्षको अनुपस्थितिमा निजबाट गर्नुपर्ने सम्पूर्ण कार्य गर्ने ।

२. अध्यक्षको काममा सहयोग गर्ने ।

**३. सचिव**

१. साधारण सभा तथा कार्यसमितिले गरेको निर्णयको माइन्यूट लेखी सुरक्षित राख्ने ।

२. अध्यक्षले लगाएको काम गर्ने ।

३. प्रशासनिक काम गर्ने ।

४. संस्थाको सम्पत्तिको संरक्षण गर्ने ।

**४. सह सचिव**

१. सचिवको अनुपस्थितिम सचिवको कार्यभार सम्हाल्ने र सचिवलाई सहयोग गर्ने ।

**५. कोषाध्यक्ष**

१. आम्दानी खर्चको लेखा राख्ने र लेखा परीक्षण गराउने ।
२. आर्थिक प्रशासनीक काममा सहयोग गर्ने ।
३. वार्षिक वजेट तयार गरी अध्यक्ष समक्ष पेश गर्ने ।
४. आयश्रोतको खोजी गर्ने ।
५. कार्यसमितिको निर्णयानुसार संस्थाको आर्थिक लेखापरिक्षण गराई सम्बन्धित स्थानमा लेखा परिक्षण प्रतिवेदन पेश गर्ने ।

**६. सदस्यहरुः**

१. आफ्नो क्षेत्र भित्रका कुनै पनि समस्या रेखदेख गरी यथार्थ कुराहरु समितिमा पेश गर्न र राम्रो सरसल्लाह तथा सुझाव दिने ।
२. संस्थाको हितको लागि सकृय रहने ।
३. विधानमा तोकिएका अन्य कामहरु गर्ने ।

**७. गणपुरक संख्या :**

क) कुल सदस्य संखया ६० प्रतिशत साधारण सदस्यहरुको उपस्थित नभै साधारण सभाको काम कारवाही हुने छैन
ख) तर विधानको दफा १३ का उपदफा (३) मा उल्लेख भए वमोजिम पुनः वोलाइएको साधारण सभामा कुल सदस्य संख्याको ५१ प्रतिशत उपस्थित भएमा सभा गर्न वाधा पर्ने छैन ।
ग) दोश्रो पटक गणपुरक संख्या नपुगी तेश्रो पटक वोलाइएको साधारण सभामा उपस्थित संख्या नै गणपुरक मानिनेछ ।

## परिच्छेद - ६
## (आर्थिक व्यवस्था)

**(२४ यस संस्थाको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय वमोजिमको प्राप्त रकमहरु आर्थिक श्रोत हुनेछ :-**

१. संस्थाको स्वआर्जनबाट कमाएको साथै विभिन्न कार्यकम संचालन गरी आर्जन गरेको रकम ।
२. सदस्यता प्रवेश शुल्क, वार्षिक/मासिक सदस्यता नविकरण शुल्कबाट जम्मा हुने रकम ।
३. कसैले स्वइच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम ।
४. संस्थाको चल अचल सम्पत्ति वा अन्य वस्तृको विकीबाट प्राप्त रकम ।
५. नेपाल सरकारबाट हुने आर्थिक सहयोग दान उपहार आदि,
६. नेपाल सरकार/समाज कल्याण परिषद्को पूर्व स्वीकृति लिएर यस संस्थालाई राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त हुने सहयोग, अनुदान आदि
७. अन्य श्रोतवाट संस्थाले प्राप्त गरेको रकमहरु ।

**(२५ खाता संचालन :-**

संस्थाको वैंक खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको (अनिवार्य) संयुक्त दस्तखतबाट संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

**(२६ कोषको रकम खर्च गर्ने तारिका :-**

१. यस संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय वमोजिम तरिका अपनाई खर्च गरिनेछ ।

क) संस्थाको वार्षिक वजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च सकिने छैन

ख) साधारण सभाबाट पारित वजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।

ग) कोषको रकम खर्च गर्दा तोकिए वमोजिम खर्च गर्नु पर्नेछ ।

**(२७ संस्थाको लेखा र लेखापरिक्षण :-**

क) कार्यसमितिले आय व्ययको विवरण रितपूर्वक राख्नु पर्ने छ ।

ख) एक आर्थिक वर्ष पुरा भएपछि प्रचलित कानून वमोजिम रजिष्टर्ड लेखापरिक्षकद्धारा लेखा परीक्षण गराइनेछ ।

ग) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै वखतमा पनि आफै वा मातहतका कर्मचारीहरु खटाई संस्थाको हरहिसाव किताव जाँच गर्न गराउन सक्नेछ ।

घ) लेखा परिक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ तर प्रथम वार्षिक साधारुण सभा नभए सम्म लेखा परिक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

ङ) सूंस्थाको लेखा परिक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको १/१ प्रति स्थानीय अधिकारी, जिल्ला समन्वय समिति, समाज कल्याण परिषद् र अन्य सम्वन्धित निकायमा पेश गरिनेछ ।

च) संस्थाको सम्पूर्ण जिन्सी सामानहरुको रेकर्ड राख्नु पर्नेछ ।

छ) संस्थाको कार्यसमितिले आय व्ययको विवरण रितपूर्वक राख्नु पर्नेछ । पद हस्तान्तरणको क्रममा रितपूर्वक बरबुझारथ गर्नु पर्नेछ ।

## परिच्छेद - ७

## (निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्वन्धी व्यवस्था)

**(२८ निर्वाचन सम्बन्धि व्यवस्था र पदावधि :-**

१. यस संस्थाको कार्य समितिको निर्वाचन प्रत्येक ३ वर्षको हुनेछ । यस संस्थाका सम्पूर्ण सदस्यहरुले आफ्नो उमेरद्धारी दिन र मतको प्रयोग गर्न पाउनेछन् । यस संस्थामा कार्यरत कर्मचारीले मतदानमा भाग लिन पाउँछन् तर उमेद्वार हुन पाउने छैनन् । कार्य समितिको निर्वाचन गराउने निर्वाचन अधिकृतले निर्वाचनमा उमेद्वारी दिन र मतदान दिन पाउने छैनन् ।

२. कार्य समितिले कार्य समिति निर्वाचनको निमित्त ३ जना निर्वाचन अधिकृत नियुक्त गर्नेछ

३. निर्वाचन सम्वन्धी आवश्यक नियमहरु निर्वाचन समितिले नै तयार गर्नेछ ।

४. साधारण सभा सदस्यहरु मध्यृबाट कम्तिमा १/४ एक चौथाई सदस्यहरुको सहमती आएमा निर्वाचन अधिकृतले नयां कार्यसमितिको घोषणा गर्नेछ ।

५. कार्य समितिका अध्यक्षले निर्वाचन अधिकृत समक्ष र कार्य समितिका पदाधिकारीहरुले उपाध्क्ष समक्ष सपथ ग्रहण गर्नु पर्नेछ ।

६. मानार्थ सदस्यले मताधिकार तथा उमेदवार हुन पाउने छैन ।

**(२९ निर्वाचनका लागि उम्मेद्वार हुन योग्यता :-**

१. संस्थाको सदस्यता लिएको १ वर्ष पुगेको ।

२. १८ वर्ष पुरा भएको ।

३.   अविश्वासको अभियोग नलागेको ।
४.   सामान्य लेखा पढ गर्न सक्ने ।
५.   दामासाही नपरेको ।

(३० **सल्लाहकार समिति** :-

१.   यस संस्थाको कार्यसमितिलाई वा सस्थालाई आवश्यक परेको समयमा सल्लाह दिन बुद्धिजिवी र समाज सेवी मध्येबाट एक सल्लाहकार समिति कार्यसमितिबाट चयन हुनेछ ।
२.   सल्लाहकार समितिको सदस्य संख्या कम्तिमा ३ जनादेखि बढीमा ५ जनासम्म हुनेछ ।
३.   कार्य समितिलाई वा संस्थालाई आवश्यक सल्लाह दिनु सल्लाहकार समितिको कर्तव्य हुनेछ। संस्थाको हित विपरीत कार्य गर्ने सल्लाहकार समितिको सदस्यलाई कार्य समितिले सल्लाहकार समितिको सदस्यवाट निलम्वन गर्न सक्नेछ ।

(३१ **अविश्वासको प्रस्ताव** :-

१.   कार्य समितिको पदाधिकारीहरुले संस्थाको उद्देश्य विपरीत काम गरेको भनी २५ प्रतिशत सदस्यहरुले प्रस्ताव ल्याई सभाका सदस्यहरु मध्येबाट २।३ (दुई तिहाई) बहुमतबाट पारित भएमा अविश्वासको प्रस्ताव ल्याएको सम्बन्धित पदाधिकारीले आफ्नो पदबाट हट्नु पर्नेछ । अविश्वासको प्रस्ताव पारित हुनु अगाडि सम्वन्धीत पदाधिकारीलाई सफाइको मौका दिइने छ।

(३२ **कर्मचारीको व्यवस्था** :-

१.   यस संस्थाले साधारण सभाको निर्णयबाट संस्थाको आर्थिक कोषवाट वेहोरिने गरी आवश्यक कर्मचारी नियुक्ती गर्न सक्नेछ । त्यस्ता कर्मचारीको प्रारम्भिक सुविधा र सेवाका सर्तहरु कार्यसमितिले तोके बमोजिम हुनेछ ।

(३३ **नियम विनियम वनाउने** :-

१.   यस संस्थाको कार्य संचालनको निमित्त विधानको परिधी भित्र रहेर कार्य  समितिले आवश्यक नियम विनियहरु बनाउन सक्नेछ, यसरी बनाएका नियम विनियमहरु साधारण सभाबाट अनुमोदन गरिनु  पर्दछ ।

(३४ **विधान संशोधन** :-

१.   यस विधानको प्रस्तावना र उद्देश्यमा प्रतिकूल असर नपर्ने गरी विधान संशोधन गर्नु परेमा बिशेष साधारण सभाको बहुमतबाट पारित गरी स्थानीय अधिकारीको पूर्व स्वीकृति लिई संशोधित विधान लागु गरिनेछ।

(३५ **संस्थाको विघटन** :-

क. कुनै कारणवस संस्थाको बिघठन भएमा संस्थाले बुझाउनु पर्ने दायित्व फर फारक गरी वाँकी रहेको सम्पूर्ण चल अचल सम्पत्ति नेपाल सरकारको हुनेछ ।

(३६ **वचाउ** :-

१.   यस विधान अर्न्तगत र नियम विनियममा समेत उल्लेख नभएका विषयहरु प्रचलित नेपाल कानुन बमोजिम हुनेछन्
२.   यस संस्थाको कार्य समिति गठन भए पश्चात् विधान स्वीकृत नभएसम्म तदर्थ समितिले गरेको विधान सम्वत कामहरु यसै विधान वमोजिम गरेको मानिनेछ ।

(३७ **खारेजी** :-

१.   यस विधानमा लेखिएको कुनै कुरा प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वत निस्कृय  हुनेछ ।
२.   यो विधान अन्तर्गत वनेका नियम, विनियमको व्याख्या गर्ने अधिकार कार्यसमितिलाई हुनेछ ।

(३८ **निर्देशनको पालना :-**

नेपाल सरकार वा स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गरिनेछ ।

(३९ **तदर्थ समितिको काम कर्तव्य र अधिकार :-**

संस्था दर्ता पूर्वगठित तदर्थ समितिले विधान दर्ता भएको २ महिनाभित्रमा कार्यसमितिको निर्वाचन गराईसक्नु पर्नेछ  यस समितिले गरेका सम्पूर्ण कार्यहरु कार्यसमितिले गरेसरह मान्य हुनेछ ।

# समाप्त

तदर्थ समितिका पदाधिकारीहरुको नाम, थर र दस्तखत

नाम थर र पद

सहिछाप

१- अध्यक्ष —

२- उपाध्यक्ष -

३- सचिब —

४- कोषाध्यक्ष —

५- सदस्यहरु

**अनुसूची - २**

**संस्थाको छाप, चिन्ह**

हामी **श्री ——————. का** निम्न संस्थापकहरु यस विधान वमोजिम कार्य गर्न मन्जुर भई निम्न साक्षीको रोहवरमा विधानमा सहीछाप गर्दछौं ।

| संस्थापकको नाम थर र ठेगाना र सहीछाप | | साक्षीको नाम थर, वतन र सहीछाप | |
|---|---|---|---|
| १- अध्यक्ष — | | | |

| | | | |
|---|---|---|---|
| २- उपाध्यक्ष - | | | |
| ३- सचिब — | | | |
| ४- कोषाध्यक्ष | | | |
| ५- सदस्य- | | | |
| ६- सदस्य - | | | |
| ७- सदस्य - | | | |
| ८- सदस्य — | | | |
| ९- सदस्य — | | | |

व्यक्तिगत विवरण

नामः
जन्ममिति :
बाबुको नाम :
बाजेको नाम :
स्थायी ठेगाना :
हालको ठेगाना :
अन्य जिल्लाबाट नागरिकता लिएको भए :
क) जिल्ला : ख) नागरिकता नम्बर :
ग) नागरिकता लिएको मिति :
बसाई सरी आएको भए मिति :
हालको पेशा :

..............................
निवेदकको दस्तखत :

व्यक्तिगत विवरण

नामः
जन्ममिति :
बाबुको नाम :
बाजेको नाम :
स्थायी ठेगाना :
हालको ठेगाना :

अन्य जिल्लाबाट नागरिकता लिएको भए :
क) जिल्ला : ख) नागरिकता नम्बर :
ग) नागरिकता लिएको मिति :
बसाई सरी आएको भए मिति :
हालको पेशा :

**निवेदकको दस्तखत :**

# अनुसूची -१
# निबेदनको नमुना

श्रीमान् नगर प्रमुखज्यू
सूर्योदय नगरपालिका
इलाम ।

विषय : संस्था दर्ता गरी पाउ भन्ने बारे ।

**महोदय,**

हामीले ...... समितिका सूर्योदय नगरपालिका वडा नं. ...... मा ...... नामक सामाजिक संस्था स्थापना गर्न चाहेकोले सूर्योदय नगरपालिकाको सघ संस्था दर्ता सम्बन्धी ऐन,२०७४ वमोजिम संस्थादर्ता गर्नका लागि देहायका विवरण खोली आवेदन गरेका छौं । प्रस्तावित विधान २ प्रति, वडा कार्यालयको सिफारिस पत्र तथा तदर्थ समितिका पदाधिकारीहरुको नागरिकताको छायाँकपि समेत संलग्न गरिएको छ ।

**विवरण**

१. संस्थाको नाम : श्री ......... रहनेछ ।

**२. संस्थाको मुख्य उद्देश्यः**

१

२

**३. तदर्थ समितिका सदस्यहरुको नाम थर**

ठेगाना पेशा

१- अध्यक्ष —

२- उपाध्यक्ष —

३- सचिब —

४- कोषाध्यक्ष —

५- सदस्यहरु - श्री —

४ आर्थिक श्रोतः- सदस्य शुल्क, नविकरण शुल्क लगायत अन्य

५. संस्थाको कार्यालय रहने स्थानः सूर्योदय नगरपालिका वार्ड न–. रहने छ ।

भवदियः

सहिछाप

१- अध्यक्ष —
२- उपाध्यक्ष -
३- सचिब —
४- कोषाध्यक्ष —
५- सदस्यहरु - श्री —

आज्ञाले
राजेन्द्र भट्टराई
प्रमुख प्रशासकीय अधिकृत